## अनुसूची-१
## संगठनात्मक कार्यविवरण

### १. प्रशासन तथा कानून महाशाखा

यस महाशाखाले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही मातहतका शाखा तथा मातहतका शाखा, इकाई र वडा कार्यालयबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

***नीति, ऐन, नियम तथा कार्यविधि र मापदण्डसम्बन्धी***

(१) संगठन विकास, प्रशासन, योजना, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नीति ऐन, नियम र निर्देशिकाहरू तर्जुमा
(२) सभा तथा कार्यपालिकामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन
(३) अन्तरसम्बन्धित विषयहरूको स्थानीय नीति, कानून र योजनामा समायोजन
(४) उपलब्ध नीति नियम र कानूनी व्यवस्था अनुसार उजुरी तथा गुनासो सुनुवाइ
(५) सूचनाको हक, सुशासन ऐनको व्यवस्था कार्यान्वयन
(६) संगठन तथा स्थानीय सेवा व्यवस्थापन सम्बन्धी
(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,
(८) सङ्गठन संरचना, कर्मचारी दरबन्दी र संगठन र पदीय कार्य विवरण अद्यावधिक,
(९) स्थानीय सेवा तथा कर्मचारी व्यवस्थापन, सरुवा, बढुवा, वृत्ति विकास र अवकाश व्यवस्थापन,
(१०) विभिन्न महाशाखा, शाखाहरुमा स्वीकृत संगठन स्वरुप तथा कार्यविवरण सम्बन्धित शाखाहरुमा लागु गराउने सम्वन्धी काय गर्ने,
(११) नगरपालिकामा कार्यरत कर्मचारीको नियुक्ति देखि अवकास सम्मको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
(१२) महाशाखा र अन्तरगतका शाखाका सबै कर्मचारीहरुको कार्य बिबरण अद्याबधिक गर्ने सम्बन्धी कार्य गर्ने,
(१३) सेवा ग्राहीहरुको गुनासो व्यवस्थापन गर्ने,
(१४) नगरपालिका सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन गर्ने,
(१५) नगरपालिकाको कामको सन्दर्भमा जिल्ला समन्वय समिति र अन्य स्थानीय तहहरु संग समन्वय गर्ने,
(१६) वडा सँगको सम्पर्क र समन्वय समन्वय गर्ने,
(१७) कर्मचारीको बैठक सञ्चालन र निर्णय कार्यान्वयन,
(१८) कार्यालयको संस्थागत सुदृढीकरण, प्रभावकारी कार्यसम्पादन र सेवा प्रवाह,
(१९) कर्मचारीहरूको वृत्ति विकास कार्ययोजना तयारी, स्वीकृति र कार्यान्वयन,
(२०) कर्मचारीको सीप तथा क्षमता अभिवृद्धि तालिम तथा वृत्ति विकास कार्यक्रम सञ्चालन,

***बैठक व्यवस्थापनसम्बन्धी***

(१) नगरसभा, कार्यपालिका बैठक तथा समिति/उपसमितिका बैठक सञ्चालन र माईन्युटिङ्ग
(२) नगरपालिकामा आयोजना तथा सञ्चालन हुने विभिन्न बैठकहरूको निर्णय कार्यान्वयन
(३) वडा समितिको कार्यालयको कार्य तथा सेवा प्रवाहको सुपरिवेक्षण, अनुगमन, निरीक्षण तथा निर्देशन
(४) क्षमता विकास रणनीति तथा योजना तर्जुमा, अद्यावधिक तथा क्षमता विकास गतिविधि सञ्चालन
(५) सुशासन तथा संस्थागत विकास समितिको सचिवालयको रुपमा कार्य गर्ने।

***स्थानीय तह, प्रदेश र संघसँगको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वयसम्बन्धी***

(१) संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व
(२) जिल्ला समन्वय समितिसँगको समन्वय, क्षमता विकास र अनुगमन
(३) वडा तहसँगको सम्पर्क र समन्वय
(४) पत्राचार, सभा, समारोह, शिष्टाचार

**वैदेशिक सम्पर्क र भगिनी सम्बन्ध सम्बन्धी**

(१) नगरपालिकाको वैदेशिक सम्पर्क र भगिनी सम्बन्ध र समन्वय

## (१) प्रशासन तथा जनशक्ति विकास शाखा

यस शाखाले महाशाखा प्रति उत्तरदायी भई देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

***सामान्य प्रशासनसम्बन्धी***

(१) कर्मचारीको व्यवस्थापन तथा कर्मचारी सूचना प्रणाली व्यवस्थापन,
(२) स्थानीय सेवाको व्यवस्थापनसम्बन्धी कार्य,
(३) नगरपालिकाको सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
(४) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन
(५) मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा
(६) नगरपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन

***स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी***

(१) समायोजन पश्चात मौजुदा कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय
(२) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य
(३) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण
(४) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन
(५) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य
(६) नीति, कानून, मापदण्ड, निर्णयहरू कार्यान्वयनमा सहयोग,

***बैठक व्यवस्थापन सम्बन्धी***

(१) कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन
(२) कार्यपालिकाको निर्णयहरूको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन,
(३) कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन
(४) कार्यपालिकाको निर्णयहरूको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन
(५) कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन

***विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि, विभुषण सम्बन्धी***

(१) नगरपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,
(२) स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन,
(३) उपाधि तथा विभुषण सम्बन्धी सिफारिश, अभिलेख

***आपूर्ति व्यवस्थापन अनुगमनसम्बन्धी***

(१) स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यवस्थापन तथा अनुगमन
(२) स्थानीयस्तरमा बजार तथा हाट व्यवस्थापन
(३) उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
(४) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन
(५) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
(६) स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,

***वडा समितिको कार्यालय (९)***

प्रमुख प्रशासकीय अधिकृत, महाशाखा प्रमुख, वडा समिति र प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख प्रति उत्तरदायी भई वडा समितिको कार्यालयले देहायअनुसार कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

***योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनसम्बन्धी***

(१) बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकता निर्धारण तथा छनौट
(२) टोल विकास संस्थाको गठन र परिचालन तथा
(३) वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन

(४) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन

***तथ्याङ्क अद्यावधिक र संरक्षणसम्बन्धी***

(१) निजी घर तथा घर परिवारको लगत अद्यावधिक
(२) ऐतिहासिक, पुरातात्विक सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको अभिलेख तथा संरक्षण
(३) निजी घर तथा घर परिवारको लगत राख्ने,
(४) ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,
(५) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानीघट्ट, मिलको तथ्याङ्क सङ्कलन, लगत अद्यावधिक र संरक्षण
(६) खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने,

***विकास कार्यसम्बन्धी***

(१) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन
(२) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन
(३) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन र शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन
(४) खोप सेवा तथा पोषण कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय
(५) स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना र शिक्षा कार्यक्रम सञ्चालन
(६) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन
(७) सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन
(८) फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्ली सरसफाई र ढल निकास
(९) सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण
(१०) कृषि तथा फलफूल नर्सरीको स्थापना, प्रवर्द्धन र अगुवा कृषक तालिमको अभिमुखीकरण
(११) कृषिमा लाग्ने रोगहरूको विवरण सङ्कलन तथा कृषि बीउ विजन, मल तथा औषधी माग संकलन
(१२) पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन, वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन
(१३) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकास
(१४) स्थानीय मौलिकता झल्किने साँस्कृतिक रितिरिवाज संरक्षण तथा प्रवर्द्धन
(१५) खेलकुद पूर्वाधारको विकास, अन्तर विद्यालय तथा क्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन
(१६) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध व्यवस्थापन
(१७) घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान, घरेलु उद्योगको प्रवर्द्धन
(१८) सामाजिक र आर्थिक उत्थान, सामाजिक सदभाव र सौहार्दता र सामाजिक कुरिती न्यूनीकरण
(१९) असक्त, बेवारिस वा असहाय व्यक्तिको औषधोपचार
(२०) असहाय वा वेवारिस व्यक्ति दाह संस्कारको व्यवस्था
(२१) सडक बालबालिकाको उद्धार र पुनस्र्थापनाको लागि लगत सङ्कलन
(२२) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन
(२३) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार र वाल उद्यान सञ्चालन
(२४) प्राङ्गारिक कृषि, सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासन प्रवर्द्धन
(२५) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवर्द्धन

***नियमन कार्य***

(१) व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सो को अभिलेख सङ्कलन तथा संरक्षण

(२) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक
(३) कर र गैरकर राजस्व संकलन
(४) सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण नियन्त्रण
(५) वडाभित्र संचालिन विकास आयोजना, कार्यक्रम तथा उपभोक्ता समितिका कार्यको अनुगमन तथा नियमन
(६) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम
(७) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन
(८) उपभोक्ता हित संरक्षण
(९) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन र लगत अद्यावधिक
(१०) हाट बजारको व्यवस्थापन
(११) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग

***सिफारिश लगायतका अन्य कार्यसम्बन्धी***

(१) स्थानीय सरकार सञ्चालन ऐनले तोकेका सिफारिसँग सम्बन्धित प्रशासनिक कार्य
(२) वडा समितिको बैठक सञ्चालन
(३) वडा समितिले गरेका निर्णयहरूको कार्यान्वयन
(४) प्रमुख प्रशासकीय अधिकृत, वडा समिति तथा प्रशासन, योजना र अनुगमन शाखाले तोकेका अन्य कार्य

**(२) आन्तरिक व्यवस्थापन शाखा**

***सम्पत्ति विवरण र अभिलेखसम्बन्धी***

(१) अचल सम्पत्ति परिचालन सम्बन्धी कानून, कार्यविधि र मापदण्ड तयारी
(२) नगरपालिका क्षेत्र भित्रको अचल सम्पत्ति (जग्गा, भवन, मठ मन्दिर, पाटी पौवा, पोखरी) पहिचान गरी अभिलेख तयारी
(३) पूर्वाधार विकास शाखासँग समन्वय गरी पूँजिगत सम्पत्ति भवन, गाडी, मेशिन र औजारको अद्यावधिक अभिलेख तयारी र परिचालन
(४) गाडी तथा मेशिन सञ्चालनका लागि कार्यविधि लगायत लगबुक तयार गरी अभिलेख अद्यावधिकरण

***खरिद योजना र खरिद व्यवस्थापन र आपूर्तिसम्बन्धी***

(१) वस्तु तथा सेवाको सप्लायर्सको सुचि दर्ता
(२) खेरजाने सरसामानको खरिद योजना बनाई खरिद, दाखिला र वितरणको व्यवस्था
(३) जिन्सिकोखरिद, बासलात, अद्यावधिक अभिलेख तयारी
(४) सम्पत्ति र जिन्सीको अनुगमन गरी आवधिक प्रतिवेदन तयारी र पेश
(५) मागको आधारमा कार्यालयलाई आवश्यक पर्ने सामान खरिद र माग आपूर्ति गर्ने ।
(६) नगरपालिकाको खरिद इकाइको सचिवालयको रुपमा काम गर्ने ।

***जिन्सी व्यवस्थापनसम्बन्धी***

(१) सम्पत्ती र जिन्सी अभिलेख अद्यावधिकरण
(२) नियमानुसार कागज धुल्याउने कार्य
(३) मर्मत संभार व्यवस्थापन
(४) नियमानुसार सामान लिलाम र मिन्हा सम्बन्धी कार्य
(५) दरभाउपत्र, बोलपत्र लगायतको कार्य
(६) कार्यालयको जिन्सीसम्बन्धी सम्पूर्ण कार्य गर्ने
(७) जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्ने

**(३) सूचना प्रविधि तथा तथ्याङ्क व्यवस्थापन शाखा**

***तथ्याङ्क व्यवस्थापनसम्बन्धी***

(१) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन

(२) स्थानीय तथ्याङक संकलन, प्रशोधन, अभिलेखिकरण तथा वितरण
(३) आधारभूत तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख व्यवस्थापन
(४) बेरोजगारको तथ्यांक संकलन
(५) स्थानीय व्यापार व्यवसायको तथ्याङ्क प्रणाली व्यवस्थापन र अध्ययन अनुसन्धान
(६) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन
(७) सम्पन्न भएका तथा चालू आयोजनाको विवरण
(८) बिषय क्षेत्रगत सूचना, तथ्यांकको संकलन, अभिलेख
(९) प्रदेश तथा संघसँग तथ्याङ्क एवं सूचना आदानप्रदान र समन्वय
(१०) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाईल) व्यवस्थापन

***एफएम प्रसारण र संचार प्रविधिसम्बन्धी***

(१) आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन
(२) एक सय वाटसम्मको एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन
(३) आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन

***सूचना तथा संचार प्रविधिसम्बन्धी***

(१) नगरपालिकाबाट संकलित तथ्यांक तथा सूचनाहरू कम्प्युटरमा राखी अध्यावधिक गर्दै जाने र नगरपालिको website मा राखी अपडेट गर्दै लैजाने।
(२) नगरपालिकाले प्रकाशन गर्ने विभिन्न बुलेटिन, पुस्तिका आदिलाई प्रकाशनमा ल्याउन आवश्यक तयारी गर्ने।
(३) नगरपालिकामा इमेल तथा इन्टरनेट सेवा संचालन गर्ने तथा प्राप्त सूचनाहरू सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउने।
(४) नगरपालिकाले सार्वजनिक रूपमा प्रकाशन गर्ने सूचनाहरू तयार गर्ने र प्रचार प्रसारको व्यवस्था मिलाउने।
(५) स्थलगत सर्वेक्षणको लागि आवश्यक फारमहरू तयार गर्ने तथा प्राप्त सूचनाहरूलाई कम्प्युटरमा चढाउने।
(६) नगरपालिको प्रगति विवरण तथा अन्य प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउन सहयोग गर्ने।
(७) नगर सूचना केन्द्र संचालन गरी नगरपालिकामा प्राप्त सुचनाहरू, नगरपालिकाले प्रकाशित गरेको पुस्तकहरू, नगरपालिकामा प्राप्त विभिन्न पत्रपत्रिका तथा सूचनाहरू व्यवस्थित तवरले राख्ने र पढ्न चाहनेलाई उपलब्ध गराउने।
(८) अन्य शाखा तथा इकाईहरूको अभिलेख तथा विवरणहरू कम्प्युटरमा राख्ने र आवश्यकता अनुसार उपलब्ध गराउने।
(९) अन्य शाखामा प्रयोगमा आएका कम्प्युटरहरू व्यवस्थित रूपले संचालन गर्ने व्यवस्था मिलाउने र कम्प्युटर नेटवर्क स्थापना तथा संचालन गर्ने।
(१०) कार्यालयको सूचना व्यवस्थापनमा प्रयोगमा आउने सामग्रीहरू जस्तोः टेलिभिजन, क्यामरा, कम्प्युटर, फ्याक्स, टेलिफोन आदि संचालनमा ल्याउने र मर्मत गर्नु पर्ने भए समयमा नै मर्मत गराउने।
(११) सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच र उपयोग,
(१२) सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन,
(१३) बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकास
(१४) सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन

### (४) आर्थिक प्रशासन शाखा

यस शाखाले आर्थिक प्रशासन शाखा प्रति उत्तरदायी भई देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछः

***आर्थिक नीति, कार्यविधि तर्जुमा र कार्यान्वयन***

(१) आर्थिक (कार्यविधी) नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
(२) समष्टिगत आर्थिक अवस्थाकोविश्लेषण
(३) स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्य

***आयव्यय विवरण तथा बजेट तर्जुमा***

(१) राजश्व तथा व्ययको अनुमान
(२) बजेट सीमा निर्धारण, बजेट तर्जूमा र कार्यान्वयन
(३) आर्थिक प्रशासन र व्यवस्थापन
(४) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सचिवालयको रुपमा काम गर्ने

***कोष, खाता र नगद व्यवस्थापनसम्बन्धी***

(१) स्विकृत वार्षिक कार्यक्रम निकासा माग
(२) आम्दानी र खर्चको श्रेस्ता तयारी
(३) सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन
(४) लेखा व्यवस्थापन
(५) खर्च, राजश्व, धरौटी, कार्यसञ्चालन कोष तथा अन्य सरकारी कोष तथा संपत्तिको एकीकृत विवरण
(६) स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (National Treasury Regulatory Application-SUTRA) मा प्रविष्ट र सञ्चालन
(७) खर्चको फाँटवारी, वैक स्टेटमेन्ट, पेरोल र आयव्ययको विवरण तयारी

***आर्थिक कारोबार र नियमन्त्रण र लेखापरीक्षणसम्बन्धी***

(१) वार्षिक आय व्ययको श्रेस्ता तयार गरी म.ले.प.को कार्यालयवाट लेखा परिक्षण
(२) वेरुजुको लगत राखी समपरीक्षण
(३) ऋण तथा अनुदानको व्यवस्थापन र नियमन
(४) लगानी प्रक्षेपण (सहकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन
(५) कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन
(६) लगानी र लाभांशकोव्यवस्थापन
(७) बेरुजू फछ्र्यौट
(८) आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय।

***खरिद व्यवस्थापनसम्बन्धी***

(क) खरीद व्यवस्थापन तथा आदेश
(ख) आवश्यक पर्ने निर्माण सामाग्री खरीद व्यवस्थापन, भण्डारण र वितरण
(ग) संचित कोष व्यवस्थापन र खाता सञ्चालनसम्बन्धी
(घ) नगरपालिकाको संचित कोष खाता र खर्च खाताहरूको सञ्चालन
(ङ) रकम निकासा माग र नियमानुसार खर्च मास्केवारी तयारी र पेश
(च) पेश्की बाँकी रहेको असूल उपर तथा फछ्र्यौट
(छ) नगरपालिकाको आय व्ययको आन्तरिक लेखापरीक्षण कार्यमा सहयोग
(ज) स्विकृत वार्षिक कार्यक्रम अनुसार को.ले.नि.का. कार्यालयवाट निकासा माग र खर्च व्यवस्थापन
(झ) संचित कोषको आय व्ययकोश्रेष्ता तयारी

### (५) राजश्व प्रशासन शाखा

यस शाखाले आर्थिक प्रशासन शाखा प्रति उत्तरदायी भई देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछः

***स्थानीय राजस्व नीति तथा व्यवस्थापन कार्यविधिसम्बन्धी***

(१) राजश्व सम्बन्धी नीति, कानून तर्जूमा, कार्यान्वयन र नियमन (राजस्व चुहावट नियन्त्रण समेत)
(२) करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक

***स्थानीय राजस्व प्रशासन र अभिलेखसम्बन्धी***

(१) कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्ले जस्ता खानी खनीज पदार्थको सर्वेक्षण,अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन

(२) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, ¥याफ्टिङ्ग शुल्क संलकन
(३) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन
(४) पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन
(५) प्रचलित कानुन बमोजिम दण्ड जरिवाना
(६) बाँकी बक्यौता रकमको लगत र असुल उपर
(७) कर विजक तयारी र करदातालाई जानकारी
(८) राजस्व सम्बन्धी सफ्टवयर सञ्चालन
(९) वडा समितिको कार्यालयसमेत संकलित रकमको बैंक दाखिला

***राजस्व संभाव्यतासम्बन्धी***

(१) राजश्व परामर्श समिति सचिवालयसम्बन्धी कार्य
(२) स्थानीय राजस्व प्रवर्द्धन तथा करदाता प्रोत्साहन
(३) राजश्वको संभाव्यता अध्ययन
(४) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान
(५) संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था

## (६) कानून तथा फैसला कार्यान्वयन शाखा

यस शाखाले प्रशासन तथा कानून महाशाखा प्रति उत्तरदायी भई वडा तथा मातहतका इकाईहरूबाट देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

***न्याय तथा मानव अधिकार प्रवर्द्धनसम्बन्धी***

(१) न्याय तथा कानूनी राज्यको परिपालना
(२) मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन
(३) व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
(४) न्यायिक निर्णय तथा फैसला कार्यान्वयन

***विधायनसम्बन्धी***

(१) कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मस्यौदामा संयोजन र समन्वय
(२) नीति, कानुनको प्रामाणिक प्रतिको संरक्षण, प्रकाशन र अभिलेख
(३) विधायन सम्बन्धी अन्य कार्य।

***न्याय समितिको सचिवालयसम्बन्धी***

(१) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन
(२) मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन
(३) न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य
(४) मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी कार्य,
(५) मेलमिलाप केन्द्र, इजलास कक्षको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य,
(६) विवाद उजुरीको कारर्वाही र किनाराको अभिलेखीकरण एवं संरक्षण सम्बन्धी कार्य,

***कानूनी मामिलासम्बन्धी***

(१) नीति, कानून, मापदण्ड, निर्णयहरू कार्यान्वयन
(२) न्यायिक समितिको सचिवालयको काम र फैसला कार्यान्वयनमा सम्बन्धी कार्य,
(३) वडा कार्यालयहरूलाई कानूनी राय, परामर्श उपलब्ध गराउने सम्बन्धी सम्बन्धी कार्य,
(४) नगरपालिका विरुद्ध परेका रिट, निवेदन र पुनरावेदनको अभिलेखको व्यवस्थापन र संरक्षण सम्बन्धी कार्य,
(५) नगरपालिकाको तर्फबाट फिराद्पत्र ,प्रतिउत्तरपत्र, रिट निवेदन, लिखित जवाफ, पुनरावेदनपत्रको मस्यौदा तयार गरी पेश गर्ने कार्य

(६) सभा तथा कार्यपालिका पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा तयारीमा महाशाखा तथा विधायन समितिलाइ सहयोग

## २. सामाजिक विकास महाशाखा

यस महाशाखाले प्रमुख प्रशासकीय अधिकृत प्रति उत्तरदायी भई मातहतका शाखा, वडा कार्यालय, निकाय र संस्थासँग समन्वय गरी सामाजिक विकास क्षेत्रसँग सम्बन्धित देहायअनुसारका कार्य प्रभावकारी रुपमा सम्पादन गर्नु पर्नेछ,-

***शैक्षिक विकाससम्बन्धी***

(१) विद्यालयको स्थापनाको स्वीकृति दिनका लागि आवश्यक सूचनाहरू संकलन र नियमानुसार आवश्यक प्रमाणहरू प्राप्त गर्ने र स्वीकृति पत्र तयार गरी सम्बन्धितलाई जानकारी गराउने।

(२) अनौपचारिक शिक्षा कार्यक्रम संचालन, व्यवस्थापन र अनुगमन सम्बन्धी कार्य गर्ने।

(३) मातृ भाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्ने बारेमा मात्र आएमा सो को आवश्यक कामहरू गर्ने व्यवस्था मिलाउने।

(४) जनजागरण तथा जनचेतना जगाउनको लागि मानव संशोधन विकास सम्बन्धी विभिन्न गोष्ठी, बैठक, तालिम आदि संचालन गर्ने व्यवस्था मिलाउने।

(५) विद्यालय संचालक समिति गठन गर्न सहयोग गर्ने।

(६) साक्षरता, साक्षरोत्तर कक्षा, शैक्षिक विकास र नागरिक शिक्षासम्बन्धी कार्यहरू सञ्चालन संयोजन

(७) नगर क्षेत्रभित्रका पूर्व प्राथमिक, आधारभूत र माद्यामिक विद्यालय सञ्चालन तथा व्यवस्थापन

***जनस्वास्थ्य तथा सरसफाइ सम्बन्धी***

(१) परिवार नियोजन, मातृशिशु, परिवार स्वास्थ्य, खोप जस्ता परिवार स्वास्थ्य कार्यक्रम सञ्चालन

(२) महिला स्वयंसेविका परिचालन

(३) नसालु पदार्थ सेवन, मध्यपान, धुमपान जस्ता दुर्व्यसन र जुवातास जस्ता कुलतबाट युवा तथा बालबालिकालाई संरक्षण प्रदान गर्न सचेतना अभियान सञ्चालन

(४) राष्ट्रिय, प्रादेशिक तथा स्थानीय रूपमा सञ्चालन गरिने अभियान जस्ता सामाजिक परिवर्तन कार्यक्रमसम्बन्धी समन्वय,

(५) खाद्य सुरक्षा, गुणस्तर नियन्त्रण तथा उपभोक्ता हित संरक्षण

(६) एच.आई. भी. एड्स तथा बाल श्रम न्यूनिकरण सम्बन्धी कार्यहरूमा आवश्यक समन्वय र सहजीकरण

(७) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन

***नीति, ऐन, नियम, मापदण्ड र योजना सम्बन्धी***

(१) संविधानको मौलिक तथा निर्देशक सिद्धान्तको व्यवस्था, नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धिसम्झौता, अभिसन्धि, आलेख कार्यान्वयनकोलागि जिम्मेवार बनाइएका विषयहरू कार्यान्वयन गर्न नगरस्तरीय नीति, कानून, कार्यविधि, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा

(२) नगरको शिक्षा, जनस्वास्थ्य तथा जनसंख्यालगायत सामाजिक विकाससँग सम्बन्धित रणनीति तथा योजना तर्जुमा सहयोग

(३) महिला, बालबालिका, दलित, आदिवासी/जनजाति, मुस्लिम,अल्पसंख्यक तथा पछाडिपरेका अन्य लक्षित वर्गको समावेशकीरण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यको संयोजन,

(४) नगरपालिका भित्र शिक्षा विकास तथा समुदाय परिचालन सम्बन्धी कामको रणनीति तर्जुमा

(५) सामाजिक विकास समितको सचिवालयको रुपमा कार्य गर्ने।

***सामाजिक परिचालन र सचेतना अभियान सम्बन्धी***

(१) नगरपालिकामा टोल विकास संस्था लगायत सामाजिक परिचालन कार्यमा समन्वय र सहजीकरण,

(२) जनस्वास्थ्य, शिक्षा, जनचेतना अभिवृद्धि, सरसफाइ तथा वातावरण संरक्षणका लागि समुदाय परिचालन,

(३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरू योजना तर्जुमा र कार्यान्वयन,

(४) सरकारी तथा गैर सरकारी संस्थाहरूसँग समन्वय गरी जनस्वास्थ्य, शिक्षा, सामाजिक सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन,

(५) पोषणसम्बन्धी सेवा प्रवाह तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन,

## (७) शिक्षा युवा तथा खेलकुद विकास शाखा

यस शाखाले महाशाखा प्रमुख प्रति उत्तरदायी भइ विद्यालय, स्रोत केन्द्र तथा मातहतका इकाइ परिचालन गरी देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

***शैक्षिक नीति, गुणस्तर मापदण्ड र योजनासम्बन्धी***

(१) प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा,गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन

(२) प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा एवं तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन

(३) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

***शैक्षिण गुणस्तर सम्बन्धी***

(१) पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन

(२) विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन

(३) शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार

(४) आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन

(५) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

(६) विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

(७) शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन

(८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण

***शैक्षिक पूर्वाधार तथा विकाससम्बन्धी***

(१) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

(२) स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन।

***युवा सम्बन्धी***

(१) युवालाई स्वरोजगार उन्मुख अनौपचारिक शिक्षा तथा बैकल्पिक सिकाइ मार्फत ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमहरुसँग आबद्ध गर्ने कार्यक्रम संचालन गर्ने,

(२) नगर स्तरमा संचालन हुने अन्तरबिद्यालय स्तरीय, राष्ट्रपती रनिङ शिल्ड, मेयर कप लगायतका प्रतियोगिता संचालन गर्ने, गराउने,

(३) बिद्यालयमा पि.टी कवाज लगायत शारीरिक अभ्यासका कार्यक्रम तथा बिभिन्न प्रकारका तालिम संचालन गर्ने व्यवस्था मिलाउने

(४) राष्ट्रिय स्तरमा संचालन हुने बिद्यालयस्त्तरीय प्रतियोगितामा सहभागी छनौट गरी सिफारिस गर्ने कार्यमा सहयोग गर्ने,

(५) युवाको खेलकुदमा अभिरुची पैदा गराउन प्रोत्साहन कार्यक्रमहरु संचालन गर्ने,

(६) नगर युवा परिषदलाई आवश्यक पर्ने युवा सम्वन्धि कार्यमा सहयोग एवं समन्वय गर्ने,

***खेलकुद विकास र प्रवर्द्धन सम्बन्धी***

(१) स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय

(२) खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास

(३) खेलकूदको विकास र प्रवर्द्धन

(४) खेलकूद प्रतियोगिता आयोजना र सहभागिता

(५) अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय।

## (८) महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा

यस शाखाले शाखा प्रति उत्तरदायी भई शाखा मातहतका इकाइ, संघ, संस्था निकाय परिचालन गरी देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,गराउनु पर्नेछ,-

***महिला, बालबालिका तथा जेष्ठ नागरिकसम्बन्धी***

(१) अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास गरी जीवन धान्न सक्ने तुल्याउन क्षमता, सीप र आयमूलक कार्यक्रमहरू सञ्चालन

(२) स्थानीय लोपोन्मुख जाति, भाषा, सांस्कृतिक संरक्षण र प्रवर्द्धनका कार्यक्रम सञ्चालन

(३) बालबालिकाको अधिकार संरक्षरण र बालमैत्री स्थानीय शासन कार्यान्वयन

(४) महिला, बालबालिका जेष्ठ नागरिक सम्बन्धी समिति र निकायसँग समन्वय एवं कार्यक्रम सञ्चालन

(५) कमजोर आर्थिक अवस्था भएका वर्गकालागि क्षमता तथा सीप विकास, आय आर्जन, स्वरोजगारमूलक कार्यक्रम सञ्चालन

***सामाजिक सुरक्षा तथा पंजिकरण***

(१) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान

(२) सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन

(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य

(४) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन

(५) आधुनिक प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन

(६) सामाजिक सुरक्षासम्बन्धी अभिलेख अद्यावधिक, रकम प्रवाह कार्यको प्रक्रिया तथा नतिजा अनुगमन

(७) ऐन तथा कार्यविभाजन नियमावली तोकेका जिम्मेवारी तथा प्रमुख प्रशासकिय अधिकृतबाट प्रत्यायोजित अन्य कार्यहरू

***लैंगिक समानतासम्बन्धी***

(१) महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन

(२) महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास

(३) लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःर्स्थापना

(४) लैंगिक उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयन

***बालबालिका, किशोरकिशोरी तथा युवासम्बन्धी***

(१) बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(२) बालबालिकाको हकहित संरक्षण

(३) बालमैत्री शासकीय प्रबन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल

(४) बालबालिकाको हकहित संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,

(५) बालबालिका परिवार सहयोग

(६) बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन

(७) बाल न्याय

(८) बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन

(९) असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन

(१०) बाल हिंसा नियन्त्रण तथा बालबालिकालाई अनलाइन सुरक्षा

(११) बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, सञ्चालन अनुमति र नियमन

(१२) आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन

(१३) युवा जागरण, सशक्तिकरण र परिचालन

(१४) युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास

***अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकसम्बन्धी***

(१) जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य

(२) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन

(३) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन

(४) अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण
(५) अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन
(६) अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।
(७) एकल महिला सम्बन्धी कार्य

***गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी***

(१) स्थानीयस्तरमा समाजकल्याण सम्बन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण तथा नियमन
(२) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य
(३) समन्वय र परिचालन
(४) सामाजिक संघसंस्था सम्बन्धी अन्य विषय ।

***संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन संरक्षणसम्बन्धी***

(१) स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
(२) पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास
(३) परम्परागरत रुपमा चलिआएका जात्रा तथा पर्वकोसञ्चालन र व्यवस्थापन
(४) स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन
(५) पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन
(६) पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन
(७) पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरूको संरक्षण तथा सम्बद्र्धन
(८) भाषा, संस्कृति, जात्रा, पर्व, ललितकलाको संरक्षण र विकाससम्बन्धी अन्य कार्य सम्पदा क्षेत्र र पर्यटन स्थलको विवरण सूची निर्माण
(९) भाषा संस्कृति (चाड पर्व कला उत्सव आदि) संरक्षण र प्रवर्द्धन
(१०) पर्यटनका आधार (सूचना, पर्यटक मैत्री नेपाली असल व्यवहार, उच्च वौद्धिकता, पर्यटन दिवस व्यवस्था, नेपाली चाड पर्व र उत्सवको वार्षिक तालिका (क्यालेण्डर) वनाई (अग्रेजीमा पनि) सूचना प्रवाह गर्ने ।
(११) नगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक तथा पुरातत्व महत्वका सम्पदा (कलात्मक मन्दिर,चैत्य, स्तुपा,पोखरी ढुङ्गेधारा,प्राचीन र कलात्मक मूर्ति आदि) तथा सम्पत्ति (गुठी, जग्गा जमिन, नगद,मूल्यवान धातु, आम्दानीका श्रोत आदि) को खोज, पहिचान समेत गरी लगत तथ्याङ्क अद्यावधि गर्ने गराउने ।
(१२) संपदा सम्पत्तिको तथ्याङ्क संकलन गरी डिजिटल अभिलेख, संरक्षण र मरमत संभार, गर्ने गराउने ।
(१३) पुरातात्विक क्षेत्रको पहिचान,उत्खनन, संरक्षण आदि कार्य गर्ने गराउने ।
(१४) सम्पदाहरूको संरक्षणको लागि स्थानीय स्तरमा संरक्षण समितिहरू गठन गरी समितिको काम कारवाहीमा सहयोग गर्ने ।
(१५) सूचिकृत भएका सम्पदाहरूको संरक्षण तथा सम्वद्र्धनको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
(१६) सम्पदाहरूको नियमित रूपमा निरिक्षण गरी कसैले हानी नोक्सानी पु¥याएको भेटिएमा सो को प्रतिवेदन पेश गरी निर्णय कार्यान्वयन गराउने ।
(१७) पर्यटकिय स्थानहरूको पहिचान गरी पर्यटन प्रबर्धन गर्न सहयोग गर्ने ।
(१८) नगरपालिका क्षेत्रमा भएका प्राचीन मूर्ति,कला, पुरातात्विक अभिलेख,उत्खनन क्षेत्र, आदिको पहिचान गरी पुरातत्व विभाग वा अन्य संवद्ध संस्थासंग समन्वय गरी संरक्षण व्यवस्था गर्ने गराउने ।
(१९) छिमेकी स्थानीय तहसंग पनि आवश्यक परे समन्वय गरी प्राचीन मूर्ति कलाको डिजिटल फोटो तयार गरी विदेशी पाहुना विभिन्न देशका नगरपालिकालाई जानकारी गराउने भगिनी संवन्धका नगरमा आदान प्रदान गर्ने ।
(२०) पुरातत्व संरक्षण सवन्धमा कार्यपालिकाको नीति अनुसार कायान्वय गर्ने गराउने ।

**(९) आयुर्वेद औषधालय (शाखा) लोकन्थली**

यस शाखाले महाशाखा प्रति उत्तरदायी भइ शाखा मातहतका स्वास्थ्य संस्था तथा इकाई परिचालन गरी देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

***(क) सेवामूलक कार्यक्रम***

(१) स्तनपायी आमाका लागि स्तन्यवर्धक आयुर्वेद औषधि बितरण गर्ने ।

(२) जेष्ठ नागरिकलाई नि:शुल्क स्वास्थ्य संरक्षण, प्रवद्र्धन र पंचकर्म, रसायन योग सेवाको आवश्यक व्यवस्थापन गर्ने ।

(३) स्थानीय जडिबुटी रोपण तथा लगत संकलन/नमुना जडिबुटी उद्यान निर्माण गर्ने ।

(४) स्थानीय जडिबुटीबाट क्वाथ, चूर्ण आदि औषधि निर्माण गरी ताजा औषधि प्रयोग गराउने।

(५) निशुल्क स्वास्थ्य शिविरहरु संचालन गर्ने ।

(६) नि:शुल्क दर्ता शुल्क तथा अनुदानको व्यवस्था मिलाउने ।

(७) योग, पंचकर्म कार्यक्रम संचालन गर्ने ।

(८) आयुर्वेद चिकित्साको माध्यमबाट उपचारको व्यवस्था गर्ने, गराउने सम्बन्धी कार्य,

(९) प्राकृतिक चिकित्साको उपयोग र प्रोत्साहन सम्बन्धी कार्य,

(१०) विद्यालयहरुमा आयुर्वेद शिक्षा र योग शिक्षा प्रचार र उपचार सम्बन्धी कार्य,

***(ख) सचेतनामूलक कार्यक्रम***

(१) विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

(२) जडिबुटी सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(३) अगुवा कृषकहरूलाई ब्यवसायीक जडिबुटी सम्बन्धी तालीम सञ्चालन गर्ने ।

(४) आयुर्वेद महिला स्वयंसेविका परिचालन गर्ने ।

(५) जनपद्दोध्वंश (महामारी) रोगहरू सम्बन्धी ब्यवस्थापन र कार्यक्रम सञ्चालन गर्ने ।

(६) स्थानीय परम्परागत स्वास्थ्यकर्मी, धामी–झाँक्री, लामा र आम्चीसँग अन्तरक्रिया, गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गर्ने ।

***(ग) विभिन्न सामग्रीहरू तथा औषधि खरिद कार्यक्रम***

(१) प्राथमिक उपचारको लागि आकस्मिक सेवामा प्रयोग हुने औषधि खरिद गर्ने ।

(२) औषधालयको अत्यावश्यक औषधि खरिद गर्ने ।

### (१०) आधारभूत स्वास्थ्य सेवा शाखा

यस शाखाले महाशाखा प्रति उत्तरदायी भइ शाखा मातहतका स्वास्थ्य संस्था तथा इकाई परिचालन गरी देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

***आधारभूत स्वास्थ्य तथा सरसफाई नीति, कानून र योजना सम्बन्धी***

(१) आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन

(२) राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण

(३) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको दर्ता, सञ्चालन अनुमति र नियमन

***आधारभूत स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी***

(१) आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन

(२) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

